GIAN नेपाल निर्जीवन बीमा व्यवसायी संघ
General Insurance Association of Nepal

General Insurance Association Kathmandu Nepal

मितिः २०८२/०३/१७

श्रीमान अध्यक्षज्यू,
नेपाल बीमा प्राधिकरण,
कुपण्डोल, ललितपुर ।

**विषयः बीमा व्यबस्थामा रहेका समस्याहरूको समाधान सम्बन्धमा**

महोदय,

नेपालमा सञ्चालनमा रहेका निर्जीवन बीमा कम्पनीहरूका लगानीकर्ताहरूको छाता संगठनको रूपमा प्रचलित कानुन बमोजिम दर्ता भई बिगत २०७२ सालदेखि यस नेपाल निर्जीवन बीमा व्यबसायी संघ कार्यरत रहि आएको व्यहोरा अवगत गराउंछौं । यस संघको कार्यसमिति र सदस्यमा नेपालका बीमा कम्पनीका अध्यक्ष/सञ्चालकहरूले प्रतिनिधित्व गर्ने व्यबस्था रहि आएको छ । बीमा कम्पनीहरूमा देखिएका समस्याहरूको सम्बन्धमा बिगतमा यस संस्थाले नेपाल सरकार, अर्थ मन्त्रालय, संसदको अर्थ समिति, नेपाल बीमा प्राधिकरण (साबिक बीमा समिति) लगायतका नियमनकारी निकायहरूसंग समन्चय गरी समाधानका लागि पहल गरी आएको छ । यसै सिलसिलामा हाल बीमा क्षेत्रमा देखिएका केहि अप्ठ्याराहरूमध्ये गम्भीर देखिएका निम्न समस्याहरूको समाधान गर्नको लागि आवश्यक व्यबस्था गरिदिनुहुन अनुरोध गर्दछौं ।

१. नेपाली पुनर्बिमा कम्पनीहरूलाई दिई आएको प्रत्यक्ष हिस्सा (Direct Cession) सम्बन्धमाः

बीमा ऐन, २०७९ को दफा २(ड) मा ***"पुनर्बीमा भन्नाले कुनै एक बीमकले आफुले धारण गर्ने जोखिमभन्दा बढि अंशको जोखिम पुनर्बिमकले वा अर्को बीमकले ब्यहोर्ने गरी त्यस्तो बीमकसंग गरिएको करार सम्झनु पर्दछ"*** भन्ने उल्लेख गरिएको छ । त्यसैगरी, ऐनको दफा (८०) मा समेत सोही व्यबस्था गरिएको छ ।

त्यसैगरी, ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (ग) मा देशभित्र स्थापित पुनर्बीमकसंग प्राधिकरणले तोकेको प्रतिशतभन्दा कम नहुने गरी अनिवार्य रूपमा पुनर्बीमा गराउने पर्नेछ भन्ने व्यबस्थालाई आधार मानेर स्वदेशमा स्थापित दुई पुनर्बीमा कम्पनीलाई शुरूदेखिकै जोखिममा ६/६ प्रतिशत प्रत्यक्ष हिस्सा छुट्याउनुपर्ने र हरेक बर्ष २ प्रतिशतको



General Insurance Association Kathmandu Nepal

"Surakshan" Bhawan, Bhagawati Marg, Naxal, Kathmandu, Nepal
Tel: 4412367, Fax: 977-1-4412378, E-mail: giaon015@gmail.com

दरले घटाउंदै लैजाने व्यबस्था रहेको छ । उक्त व्यबस्था ऐनको मर्म अनुकूल नभएको हुंदा ऐनको ब्यबस्था बमोजिम बीमा कम्पनीहरूले धारण गर्न मञ्जुर गरेको जोखिम बाहेक बांकी हुन आउने जोखिमको मात्रै Direct Cession, Proportional & Non Proportional Treaty, Facultative लगायतका पुनर्बीमा गर्नुपर्ने व्यबस्था गरिदिनु हुन अनुरोध छ ।

साथै कम्पनीले स्थानिय पुनर्बिमा कम्पनीको क्षमता र कार्यसम्पादनको अबस्थाको विश्लेषण गरी उल्लेखित हालको ६/६ प्रतिशत गरी १२ प्रतिशत (आगामी आ.ब. मा हुने ४/४ प्रतिशत गरी ८ प्रतिशत) व्यबसाय मध्ये स्थानीय पुनर्बीमा कम्पनीलाई बराबर बांडफांड गर्ने वा दुईमध्ये कुनै कम्पनीलाई घटी वा बढि दिन सकिने गरी व्यबस्था गर्न अनुरोध गर्दछौ ।

त्यसै गरी, Proportional & Non Proportional Treaty को हकमा पनि दुबै स्थानीय पुनर्बिमा कम्पनीलाई १५/१५ गरी ३०% बांडफांड गर्नुपर्ने व्यबस्था प्रचलनमा रहेकोमा स्थानीय पुनर्बिमा कम्पनीलाई बराबर दिन वा घटि वा बढि दिने सकिने गरी व्यबस्था गरिदिनुहुन अनुरोध गर्दछौ ।

२) **स्थानिय पुनर्बिमा कम्पनीलाई दिने Facultative सम्बन्धमा:**

नेपालमा पुनर्बिमा कम्पनी सञ्चालनमा आउनुअघि नेपाली कम्पनीहरूले प्रतिष्ठित पुनर्बिमा कम्पनीहरूसंग आफैं सम्झौता गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार दरिलो पुनर्बिमाको ब्यबस्था गर्दै आएका थिए ।

नेपाली पुनर्बीमा कम्पनीहरू सञ्चालनमा आएपछि उनीहरूलाई Direct Cession दिईसकेपछि पुन: Facultative अन्तर्गत नेपाली पुनर्बिमा कम्पनीलाई पठाउनुपर्ने र उनीहरूले व्यबसाय लिन इन्कार गरेमा मात्रै बिदेशी पुनर्बिमा कम्पनीमा पठाउन पाउने (First Right of Refusal) निर्देशन नेपाल बीमा प्राधिकरणको रहेको छ । हालको प्रचलन अनुसार उनीहरूले जोखिम कम भएको व्यबसाय स्वीकार गर्ने र जोखिम देखिएको व्यबसाय अस्वीकार गर्ने गरिएको छ र यसमा पनि उनीहरूले समयमै निर्णय दिन नसक्दा कतिपय अबस्थामा समयमै बीमितलाई बीमालेख दिन नसकिने अबस्था छ ।

यसरी उनीहरूले लिन अस्वीकार गरेको आधारमा बिदेशी पुनर्बीमा कम्पनीले Facultative लिन नमान्ने र लिएपनि बढि पुनर्बीमा शुल्क लिने गरेको कारण बीमितलाई मर्का पर्ने गरेको छ । तसर्थ यस्तो अबस्थामा नेपाली कम्पनीहरूलाई मूल्यांकन गर्ने बिदेशी पुनर्बिमा



Nepal Insurance Association, Kathmandu

कम्पनीको दृष्टिकोण नकारात्मक भई पुनर्बिमा व्यवसायको विश्वसनीयतामा धक्का पुग्न जाने देखिएको हुंदा नेपाली पुनर्बीमा कम्पनीहरूको क्षमता अनुसारको Facultative नेपाली कम्पनीलाई दिनुपर्ने, उनीहरूको क्षमताभन्दा बढिको पुनर्बिमाको लागि पुनर्बिमा कम्पनीको शाख, कम्पनीसंगको व्यबसायिक सम्बन्ध, पुनर्बिमा कम्पनीको क्षमता आदिको बिश्लेषणको आधारमा उपयुक्त देखिएको बिदेशी पुनर्बिमा कम्पनीलाई दिनसक्ने बारे निर्णय गर्ने अधिकार बीमा कम्पनीमा रहने गरी हालको First Right of Refusal को व्यबस्था परिमार्जन गरिदिनु हुन अनुरोध गर्दछौ ।

३. जगेडा कोष सम्बन्धमाः

बीमा ऐन, २०७९ को दफा ३८ देखि ४१ सम्म बीमा कम्पनीहरूले बीमा कोष, अनिवार्य जगेडा कोष, महाबिपत्ती कोष, दावी भुक्तानी तथा जगेडा कोषमा रकम जम्मा गर्नुपर्ने ब्यबस्था गरेको छ । जसमध्ये दफा (३९) को उपदफा (२) को खण्ड (ग) मा निर्जीवन बीमा व्यबसाय गर्ने बीमकको लागि तोकिएको चुक्ता पूंजीको बराबर नभएसम्म मुनाफा हुन आएको रकमको ५० प्रतिशत अनिवार्य जगेडा कोषमा जम्म गर्नुपर्ने व्यबस्था रहेको छ । यो ब्यबस्था निर्जिवन बीमा कम्पनीको चुक्ता पूंजी रू. ३ करोड हुंदाको अबस्थामा ल्याइएको र हाल नेपाली कम्पनीहरूको चुक्ता पूंजी कम्तीमा पनि रू. २५० करोड हुंदा पनि त्यसैलाई निरन्तरता दिइएको छ ।

हाल समग्र निर्जिवन बीमा कम्पनीहरूमा व्यबसायको तुलनामा चुक्ता पूंजी नै बढि रहेको छ । यसको साथै बीमा कम्पनीहरूको लागि तोकिएको सोल्भेन्सी अनुपात पनि पर्याप्त रहेको छ । यसको अतिरिक्त कम्पनीले दावी भुक्तानी गर्न बिभिन्न कोषमा रकमको व्यबस्था गर्ने गर्नुका साथै पुनर्बिमाबाट सुरक्षणको पर्याप्त ब्यबस्था गरेको हुन्छ । कम्पनीले दावी भुक्तानी गर्न कम्पनीसंग पर्याप्त चुक्ता पूंजी, बिभिन्न जगेडा कोषहरू, पुनर्बिमाको भरपर्दो सुरक्षा (Backup) को व्यबस्था गरेको अबस्थामा मुनाफाको ५०% रकम पनि अनिवार्य जगेडा कोषमा राख्नुपर्दा कम्पनीले आफ्ना शेयरधनीहरूलाई लाभांश वितरण गर्न निकै कठिन रहेको छ ।

तसर्थ, कम्पनीले दावी भुक्तानी गर्न बिभिन्न कोषमा रकमको व्यबस्था गर्ने गरेको, पुनर्बिमाबाट सुरक्षणको पर्याप्त ब्यबस्था गरेको अबस्थामा मुनाफाको ५०% नै जगेडा कोषमा राख्न आवश्यक नभएको हुंदा हालको व्यबस्था परिमार्जन गरी ५०% को सट्टा २०% सम्म अनिवार्य जगेडा कोषमा राख्नुपर्ने गरी ऐन संशोधनको लागि तहांबाट पहल गरिदिनु हुन अनुरोध गर्दछौ ।



General Insurance Association Kathmandu Nepal

यस सम्बन्धमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ अनुसार बैङ्क वा वित्तीय संस्थाले एक साधारण जगेडा कोष कायम गरी त्यस्तो जगेडा कोषमा चुक्ता पूंजीको दोब्बर नभएसम्म प्रत्येक आर्थिक वर्षको खुद नाफाबाट कम्तीमा बीस प्रतिशत रकम थप्दै जानु पर्ने व्यबस्था गरेको छ । तसर्थ सोही ऐनको व्यबस्थालाई समेत अनुकरण गरी बीमा कम्पनीलाई पनि आफ्नो मुनाफाबाट हालको ५०% को सट्टामा २०% मात्रै जगेडा कोषमा राख्नुपर्ने व्यबस्था हुने गरी बीमा ऐन, २०७९ दफा (३९) को उपदफा (२) को खण्ड (ग) ऐन संशोधन गर्न तहांबाट पहल गरिदिनुहुन समेत अनुरोध गर्दछौ ।

४. **नेपाल पुनर्बिमा कम्पनीमा प्रतिनिधित्व सम्बन्धमाः**

नेपाल सरकारको समेत स्वामित्वमा रहेको नेपाल पुनर्बिमा कम्पनी लि. स्थापना हुंदा नेपालका निर्जिवन बीमा कम्पनीहरूको पनि उल्लेख्य लगानी रहेको छ । यसरी कम्पनीहरूले खडा गरेको कम्पनीमा बीमा ऐन, २०७९ को दफा ५० बमोजिम हाल बीमा कम्पनीका सञ्चालक वा पदाधिकारीले उक्त कम्पनीको सञ्चालकको हैसियतले प्रतिनिधित्व गर्न नै नपाउने गरी गरिएको व्यबस्था न्यायोचित छैन । आफुले लगानी गरेको कम्पनीको नीतिगत तहमा रहि त्यस कम्पनीको अबस्थालाई सुदृढ गर्न, सुझाव दिन र त्यहांको व्यबसायिक गतिविधिहरूमा सहभागी भई नीतिगत निर्णय गर्न पाउनु शेयरधनी कम्पनीहरूको अधिकारको बिषय भएको हुंदा बीमा कम्पनीहरू संस्थापक भई आफ्नो भन्दा फरक प्रकृतिको सेवा (पुनर्बिमा) प्रदान गर्ने उद्देश्यले संस्थापना गरेका पुनर्बिमा कम्पनीको सञ्चालक समितिमा कम्पनीका सञ्चालक वा पदाधिकारीले प्रतिनिधित्व गर्न पाउने गरी ऐनको व्यवस्था संशोधन गर्न पहल गरिदिनुहुन अनुरोध गर्दछौं ।

धन्यवाद ।

General Insurance Association of Nepal, Kathmandu

भवदीय

राजेन्द्र मल्ल

अध्यक्ष

नेपाल निर्जीवन बीमा व्यबसायी संघ